

# दोर्दी-१ जलविद्युत खबर

आषाढ २०७८, अंक ४७

लमजुङ जिल्ला दोर्दी गाउँपालिका स्थति रहेको दोर्दी खोलामा, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड द्धारा प्रबिर्धित दोर्दी–१ जलविद्युत आयोजना (१२ मे.वा.) को निर्माण कार्य समयमै सम्पन्न गर्ने उद्देश्यका साथ तिव्र गतिमा निर्माण कार्य भईरहेको छ । यस आयोजनाको सम्पुर्ण प्रगति विवरणको मुल्याङकनको आधारमा ९३ प्रतिशत निर्माण कार्य सम्पन्न भईसकेको छ ।

आयोजनाको Head works अर्न्तगतको निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको अवस्थामा मिति आषाढ ०१, २०७८ आएको भारी वर्षाका कारण दोर्दी खोलामा आएको बाढीले आयोजनाको Desandar को Protection Wall र Stilling Basin मा क्षति पुगेको छ । हाल Head works मा भएको क्षतिको Temporary Protection work को कार्य द्रुत गतिमा अघि बढी रहेको छ ।

जेष्ठ २०७७ मा Break through भएको सुरुङको हाल अन्तिम finishing अर्न्तगत ShortCrete र Invert Concrete Lining को निर्माण कार्य सम्पन्न भईसकेको छ र Rib Crown Concreting को कार्य सम्पन्न भईसकेको छ । त्यसैगरि Surge Tank को Excavation को कार्य सम्पन्न भई Surge Tank Concreting को कार्य निरन्तर रुपमा भईरहेको छ ।



*आयोजनाको सुरुङ निर्माण स्थलको कार्य  झलक ।*



***Railling and Shades in Headworks.***

आयोजना स्थलमा ७२० मिटर पेनस्टक पाइप मध्ये ६६० मिटर पेन स्टक पाइप जडान भई ढलान भईसकेको छ र बाँकी पेन स्टक पाइप जडान निर्माण कार्य निरन्तर रुपमा अघि बढिरहेको छ ।



*आयोजनाको **Pen stock pipe** को जडान गर्ने कार्य गर्दै ।*

यस आयोजनाको पावर हाउसमा सिभिल कार्य अर्न्तगत पावर हाउस finishing को कार्य सम्पन्न भइसकेको छ । EM को सम्पुर्ण उपकरणहरु पावर हाउस सम्म पुऱ्याई जडान कार्य पनि अन्तिम चरणमा पुगेको अवस्थामा मिति आषाढ ०१, २०७८ मा आएको दोर्दी खोलाको भिषण बाढीले गर्दा आयोजनाको Machine Hall डुवानमा परेको थियो । हाल सम्पुर्ण EM उपकरणहरुको सफा गर्ने कार्य भैरहेको छ । साथै हाल पावर हाउस Switchyard मा Steel Structure erection सम्पन्न भई Equipment Erection को कार्य अन्तिम चरणमा पुगेको छ ।



***Power House Machine Hall***

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने १५ वटै टावरहरुको फाउन्डेसन निर्माणका कार्य सम्पन्न भई टावर Erection को कार्य नि सम्पन भई सकेको छ भने आगमी महिना देखि तार Stringing को लागि रुख काटान को लागि तयारी भईरहेको छ । आवश्यक Transmission line जडान सामाग्री जस्तैः Tower, Conductor, Insulator, तथा अन्य आवश्यक सम्पुर्ण सामाग्रिहरु कार्य स्थलमा ल्याउने कार्य भईसकेको छ ।



***Power House Control Room***

आयोजनाको पावर हाउस देखि ३.५ किलोमिटरमा रहेको NEA को Kirtipur Substation को निर्माण कार्य भइरहेको छ । जुन सवस्टेसनमा उत्पदित विद्युत, विद्युत प्रसारण लाईनको मध्यमबाट विघुत प्रबाह गरिने छ । सो मिति आषाढ ०१, २०७८ दोर्दी खोलामा आएको बाढीले नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनको टावरमा पनि क्षति पुऱ्याएको छ ।



***Power House Switchyard***

**सम्पादक : कृतिका भट्ट**
**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**
**त्रिपुरेश्वर, काठमाडौं**
**फोन नः ९७७ - ०१ ४२३२७५०**
**वेबसाइटः www.dordikhola.com.np**